# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, माघ ११ गते २०६१ साल (संख्या ४०

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आवद्ध आनन्द फाउण्डेशन नेपालका लागि दातृसंस्था नेपाल अष्ट्रेलिया फ्रेण्डसिप एसोसिएशन, अष्ट्रेलियाले उपलब्ध गराउने अष्ट्रेलियन डलर ३,५००।– मूल्य बराबरको नयाँ तयारी कपडाहरू आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आबद्ध मानव बिकास तथा सामुदायिक सेवाको सहयोगमा संचालित लमजुङ जिल्ला सामुदायिक अस्पतालको लागि दातृसंस्था DHMS ले उपलब्ध गराउने अमेरिकी डलर ७,५००।– मूल्य बराबरको चिकित्सा सामग्रीहरू आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिबृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रले Philips Medical System, Netherlands बाट Warranty Period भित्र निःशुल्क प्राप्त गर्ने यूरो ५४,१२०।– मूल्य बराबरको Cath Lab मेसिनका पार्टसहरू आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी USAID को सहयोगमा संचालित EHP (Environment Health Project) को अवधि समाप्त भएकोले सो परियोजनाले प्रयोग गरेका देहाय बमोजिम विवरण भएको एकथान मोटरसाइकल स्वास्थ्य मन्त्रालयको नाममा नामसारी गर्दा १ प्रतिशत भन्सार महसुल असुल गरी अरू भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

**मोटरसाइकलको विवरण**

| | |
|---|---|
| सवारी दर्ता नं.: | ६१-०-३२३ |
| सवारी धनीको नामः | दि डाइरेक्टर फर युयसए आइडी/ सेडपा नेपाल |
| कम्पनीको नामः | हिरो होण्डा |
| मोडल नं.: | SPL (1999) |
| सिलिण्डर संख्या | १ |
| च्यासिस नं.: | 99J 19008117 |
| इन्जिन नम्बरः | 99J 17 MOW 733 |

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८८

# भाग ४

## भूलसुधार

खण्ड ५४ संख्या ३५ नेपाल राजपत्र भाग ३ मा प्रकाशित न्याय-परिषद्को सूचनामा 'न्याय परिषद्को' सूचना १ हुनुपर्नेमा श्री ५ को सरकार न्यायपरिषद्को सूचना १ भएकोले भूलसुधार गरिएको छ ।

मुद्रण विभाग ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।